बैठक संख्या: ३५।२०८२-२०८३
बैठक मिति: २०८३।०३।२२ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।०३।२२ गते सोमबार विहान ८:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री तेज नारायण यादव | प्रमुख प्रशासकीय अधिकृत | |

बैठक संख्या: ३५।२०८२-२०८३
बैठक मिति: २०८३।०३।२२ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ग)**

गृह मन्त्रालयको च.नं. २८६३ मिति २०८३।०३।१२ गतेको प्राप्त पत्रानुसार "जरिवाना असुल नगरेको राजस्व चुहावट सम्बन्धी उजुरी" विषयमा प्राप्त गुनासोको अध्ययन तथा आवश्यक सिफारिस गर्न देहाय बमोजिमको अध्ययन समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

| | | |
|---|---|---|
| १. श्री केशव गौतम | वडा अध्यक्ष, वडा नं. ७ | — संयोजक |
| २. श्री शिवशंकर राजधामी | वडा अध्यक्ष, वडा नं. ६ | — सदस्य |
| ३. श्री सुमन पौडेल | राजस्व शाखा प्रमुख | — सदस्य सचिव |

**निर्णय नं.२(घ)**

यस रामधुनी नगरपालिकामा भूमि सेवा सञ्चालन गर्न आवश्यक जनशक्ति व्यवस्थापनका लागि करार सेवामार्फत पदपूर्तिको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं.२(ङ)**

रामधुनी नगरपालिकाको चालु आव २०८२/०८३ को गतवर्षको भुक्तानी शिर्षकमा रहेको बाकी रकम रू १९,००,०००।- विपद व्यवस्थापन कोशमा श्रोतान्तर गरी प्रत्येक वडामा रु१,००,०००/- (अक्षरेपि एकलाख) को दरले तत्काल सडकबाटो मर्मत गर्न सम्बन्धीत वडालाई उपलब्ध गराउने र कार्य सम्पन्न भएपछि यसै चालु आ.व. मा भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.२(च)**

रामधुनी नगरपालिकाको झुम्का आधारभूत अस्पतालका लागि मिति २०८३।०२।२२ गते प्रकाशित सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचनाको छनोट प्रक्रियाका लागि विषय विज्ञ नियुक्ति गर्न स्वास्थ्य सेवा विभागमा पत्राचार गर्ने निर्णय गरियो।

बैठक संख्या: ३५।२०८२-२०८३
बैठक मिति: २०८३।०३।२२ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(क)**

रामधुनी नगरपालिकाको आ.व. २०८२/०८३ को संघीय राजस्व बाँडफाँड अन्तर्गत श्रोतमा रहेको नगरपालिकाका लागि विनियोजित करार कर्मचारी (डाक्टर, नर्स, फार्मेसी, ल्याब, सरसफाइ तथा प्रशासनिक कर्मचारी) पारिश्रमिक शीर्षकमा रहेको रकम रू. २०,००,०००।— लाई तपसिल बमोजिमका शीर्षकहरूमा रकमान्तर तथा शीर्षकान्तरण गर्ने निर्णय गरियो।

तपसिलः

१. पर्यटन विकास रणनीति निर्माण — रू. ५,००,०००।—
२. आर्थिक विकास रणनीति निर्माण — रू. ५,००,०००।—
३. बाल मनोविमर्श तालिम — रू. २,००,०००।—
४. आधारभूत अस्पतालमा वायरिङ तथा UPS खरिद — रू. ८,००,०००।—

**निर्णय नं.२(ख)**

रामधुनी नगरपालिकाको आ.व. २०८२/०८३ को संघीय समानिकरण अनुदान अन्तर्गत श्रोतमा रहेको लक्षित वर्ग शसक्तिकरण तथा क्षमता विकास कार्यक्रम रकम रू १०,००,०००।- लाई तपसिल बमोजिमका शीर्षकहरूमा रकमान्तर तथा शीर्षकान्तरण गर्ने निर्णय गरियो।

तपसिलः
१. कार्यक्रम खर्च — रू. ५,००,०००।—
२. लागू औषध सम्बन्धी कार्यक्रम — रू. ३,००,०००।—
३. दियालो क्लब द्वारा संचालन गरेको फुटबल प्रतियोगिताका लागि रू १,५०,०००।-
४. विविध कार्यक्रम खर्च रकम रु ५०,०००।-

बैठक संख्या: ३५।२०८२-२०८३
बैठक मिति: २०८३।०३।२२ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थितिः कर्मचारी | | | |
|---|---|---|---|
| २ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री सुमन पौडेल | राजश्व शाखा प्रमुख | |
| ४ | श्री मुना पोखरेल | प्रशासन शाखा | |
| ५ | | | |

**प्रस्ताबहरु.**

**१. प्रस्ताव नं. १ः व्यापारीद्वारा बिझाइएको ज्ञापनपत्र सम्बन्धमा ।**

**२. प्रस्ताव नं. २ः विविध ।**

**निर्णयहरु**

**निर्णय नं.१**

रामधुनी नगरपालिकाको मिति २०८३।०३।१७ गतेको आन्तरिक आय संकलन ठेक्का नं. RMD/SQ/०६R/०८३/०८४ अन्तर्गत सटर भाडामा लगाउने सम्बन्धी सूचनाका विषयमा उक्त स्थानमा आ.व. २०७५/०७६ देखि व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीहरूले मिति २०८३।०३।१९ गते पेश गरेको ज्ञापनपत्रमा लघुवित्त, बैंक तथा सहकारी संस्थाबाट ऋण लिई ठूलो लगानी गरेको तथा तत्काल अन्यत्र व्यवसाय स्थानान्तरण गर्न कठिनाइ रहेको उल्लेख गरी अर्को व्यवस्था नभएसम्म उक्त सूचनामा पुनर्विचार गरिदिन अनुरोध गरेको साथै भाडा लगाउनु पर्ने सटरहरुको मर्मत संभार गरेर मात्र सूचना प्रकाशन गर्नु पर्ने भएकोले मिति २०८३।०३।१७ गतेको उक्त सूचना हाल लाई स्थगित गर्ने निर्णय गरियो साथै हाल बसिरहेका व्यवसायिहरुले पेश गरेको ज्ञापनपत्रका सम्बन्धमा निज हरुसँग बार्ता छलफल गर्न निम्न अनुसारको बार्त समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| १. श्री निराजन ओझा | कानुन अधिकृत | संयोजक |
| २. श्री सुमन पौडेल | राजश्व शाखा प्रमुख | सदस्य |
| ३. श्री प्रदिप काफ्ले | कानुनी सल्लाहाकार | सदस्य |